ने.स.(सचिवस्तर) मिति २०७३/०६/१२ को निर्णय अनुसार स्वीकृत

# हाइटेक ग्रीन हाउस निर्माणमा अनुदान कार्यविधि २०७२
## (पहिलो संशोधन, २०७३)

**पृष्ठभूमि**

करिब ७० प्रतिशत कृषक घरधुरी भएको नेपालमा अहिलेपनि अधिकांश कृषकहरु जीविकोपार्जनमुखी कृषि पद्धति अपनाईरहेकाछन् । यस प्रकारका परम्परागत कृषि पध्दति तुलनात्मक रुपले न्युन नाफामूलक हुने भएकोले शिक्षित समुदाय तथा युवाहरुलाई पर्याप्त मात्रामा आकर्षित हुन सकिरहेका छैनन् । यद्दपि केही यस्ता प्रविधिहरु तुलनात्मक रुपले युवामैत्री, दीर्घकालमा मुनाफामूलक, प्रभावकारी र पूँजी संघनीकृत हुन्छन् । यस प्रकारका उन्नत प्रविधिको प्रयोग नेपालका लागि नौलो भएको अवस्थामा प्रदर्शनी र परिक्षणका लागि नमूनाका रुपमा संचालन गर्न नीजि क्षेत्रलाई प्रोत्साहन गर्नुपरेकोछ । प्रस्तुत सन्दर्भम नमूनाको रुपमा हाईटेक ग्रीनहाउस निर्माण र संचालनका लागि सम्बन्धित सेवाग्राहीलाई अनुदान दिई अन्य समुदाय व्यक्तिहरुलाई समेत अध्ययन र आकर्षित गराउन यस कार्यविधि संचालन गरिनेछ ।

### परिच्छेद-१
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ:

(क) यो कार्यविधिको नाम हाईटेक ग्रीनहाउस निर्माणमा अनुदान कार्यविधि २०७२ रहेको छ ।

(ख) यो कार्यविधि स्वीकृत भएको मितिबाट तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

क) " कार्यक्रम" भन्नाले उन्नत प्रविधिमा आधारित तरकारी उत्पादनका लागि हाइटेक ग्रीनहाउस निर्माण कार्यक्रम भन्ने बुझ्नुपर्दछ ।

ख) "गीनहाउस" भन्नाले अनुसूची १ बमोजिम निर्माण हुने उन्नत प्रविधिको हाइटेक ग्रीनहाउस भन्ने बुझ्नुपर्दछ।

ग) "निर्देशनालय" भन्नाले तरकारी विकास निर्देशनालय भन्ने बुझ्नुपर्दछ ।

३. कार्यक्रमको लक्ष्य एवं उदेश्य

(क) लक्ष्य :

तरकारी उत्पादनमा विश्वस्तरमा विकास भएको उच्चतम र उन्नत प्रविधि नेपालमा समेत स्थापित र विस्तार गर्दै युवा र नीजि क्षेत्रलाई आधुनिक कृषिमा आकर्षित गर्ने

(ख) उदेश्य :

- उन्नत प्रविधिको प्रयोगबाट गुणस्तरीय तरकारी उत्पादन गरी मूल्य अभिबृद्धि गराउने
- नीजि क्षेत्रलाई आकर्षित गर्ने गरी लगानीको वातावरण सृजना गर्ने
- शिक्षित र उत्साही युवाहरुलाई कृषि व्यवसायमा आकर्षित गर्ने

नि. सचिव
ईश्वर प्रसाद

# परिच्छेद-२

## कार्यक्रम संचालन विधि

**४.** कार्यक्रम संचालन सम्बन्धमा देहाय बमोजिमको प्रक्रिया रहनेछन् ।

क) यस कार्यक्रम संचालनको लागि प्रथम चरणमा काठमाडौं उपत्यका लाइ छनौट गरिनेछ र कार्यक्रमको सफलता, सिकाइ एँव सम्भावनाका आधारमा अन्य जिल्लामा क्रमश सँचालन गरिनेछ ।

ख) तोकिएको क्षेत्रभित्र कार्यक्रम संचालन गर्नेगरी अनुसूची २ बमोजिमको सार्वजनिक सूचना प्रकाशन गरिनेछ ।

ग) यो कार्यक्रम तरकारी विकास निर्देशनालयको प्रत्यक्ष प्राविधिक निगरानी तथा सम्बन्धित जि.कृ.वि.का. को समन्वयमा संचालन गरिनेछ ।

घ) कार्यक्रम संचालनको लागि उन्नत र नविनतम प्रविधिको प्रस्तावलाई प्राथमिकता दिईनेछ ।

ङ) कार्यक्रम संचालन गर्नको लागि छनौट भएका व्यवसायीहरुले तोकिएको समयभित्र सूचनामा उल्लेख भए अनुसार अनुसूची ३ को ढाँचा बमोजिम आवश्यक कागजात सहित तरकारी विकास निर्देशनालय वा सम्बन्धित जि.कृ.वि.का. निवेदन पेश गर्नुपर्नेछ ।

च) प्राविधिक तथा मूल्यांकन समितिले अनुसूची १ बमोजिमका स्पेशिफिकेशनका आधारमा अनुसूची ४ बमोजिम मूल्यांकन गर्नेछ र अनुदानको लागि सिफारिस / छनौट गर्नेछ ।

छ) सिफारिसमध्ये उत्कृष्ठ व्यवसायीसंग कार्यक्रम संचालनको लागि तरकारी विकास निर्देशनालयले अनुसूची ५ बमोजिम संझौता गर्नेछ ।

ज) कार्यक्रम संचालन सम्बन्धमा सम्बन्धित व्यवसायीले आफ्नो व्यवसायको सम्भाव्यताका आधारमा बीमा गराउनुपर्नेछ ।

झ) ग्रीनहाउस निर्माण सम्बन्धमा तपसिल बमोजिमको अनुदानको व्यवस्था हुनेछ ।

तपशिल :

| क्र.सं. | विवरण | अनुदान प्रतिशत | कृषक व्यवसायीको दायित्व | भुक्तानी विधि | कैफियत |
|---|---|---|---|---|---|
| १ | ग्रीनहाउस निर्माण सम्बन्धी प्रारम्भिक कार्य | | अनुसूची १ बमोजिमको स्पेसिफिकेशन सहितको डिजाईन ले-आउट | व्यवसायी स्वंयले व्यहोर्ने | |
| २ | ग्रीनहाउस निर्माण ड्रिप सिंचाई वा मिस्ट सिचाइ, कुलिग सिस्टम, प्लाष्टिक छापो, कन्टोल प्यानल | बढीमा ८५ प्रतिशत वा रु ५० लाखमा २.५ प्रतिशतले कन्टीन्जेन्सी रकम कट्टा गर्दा जुन कम हुन्छ | कम्तीमा १५ प्रतिशत | संझौता पश्चात् पहिलो किस्ता २० % र सम्पूर्ण काम सम्पन्न पश्चात् ८० % भुक्तानी गर्ने | |

**प्रति आयोजना बढीमा ८५ प्रतिशतले ५० लाखमा नबढ्ने गरी अनुदान रकम उपलब्ध गराइनेछ जसमा २.५ प्रतिशत कन्टिन्जेन्सी रकम कटाइनेछ ।**

नि. सचिव
ईश्वर प्रसाद रि...

ञ) यस कार्यक्रमबाट लाभान्वित व्यवसायीले कम्तीमा ५ बर्षसम्म प्रस्ताव बमोजिमको व्यवसाय निरन्तर रुपमा संचालन गर्नुपर्नेछ र नमूनाको रुपमा स्थापित यस ग्रीनहाउसका बारेमा ईच्छुक सबैलाई सम्बन्धित व्यवसायीले आवश्यक परामर्श दिनुपर्नेछ । सो नगरेमा नेपाल सरकारको लगानी सम्बन्धित व्यवसायीले फिर्ता गर्नुपर्नेछ ।

ट) अनुदानमा निर्मित ग्रीनहाउसको विस्तृत विवरण होर्डिङ बोर्ड बनाई सार्वजनिक गरि राख्नुपर्नेछ ।

ठ) लाभग्राहीले कार्यक्रमको बारेमा २ पटक सार्वजनिक सुनुवाइ सम्पन्न गर्नु पर्ने छ । अनुदानको सम्झोता पश्चात पहिलो सार्वजनिक सुनुवाई तथा कार्यक्रम सम्पन्न पश्चात दोस्रो सार्वजनीक सुनुवाई सम्पन्न गरी सो को जानकारी त वि नि मा दिनुपर्नेछ । हरेक सार्वजनिक सुनुवाईमा सम्बन्धित जि कृ वि का र त वि नि का प्रतिनिधिको उपस्थिती हुनुपर्नेछ ।

## परिच्छेद-३

## कार्यन्वयन तथा अनुगमन व्यवस्था

**५) प्राविधिक तथा मूल्यांकन समिति**

**क) यस कार्यक्रम कार्यान्वयनका सम्बन्धमा प्राविधिक सहजीकरण प्रस्ताव मुल्यांकन तथा सिफारिसको लागि तपशिल बमोजिमको एक समिति रहनेछ ।**

तपिशल

| | |
|---|---|
| **१. कार्यक्रम निर्देशक, तरकारी विकास निर्देशनालय, खुमलटार** | **संयोजक** |
| **२. प्रमुख/ अधिकृत प्रतिनिधि, कृषि ईन्जिनियरिङ निर्देशनालय** | **सदस्य** |
| **३. केन्द्र प्रमुख, केन्द्रिय तरकारी बीउ उत्पादन केन्द्र, खुमलटार** | **सदस्य** |
| **४. प्रमुख**, सम्बन्धित जि.कृ.वि.का. | **सदस्य** |
| ५. वरिष्ठ अधिकृत प्रतिनिधि अनुगमन तथा मुल्याकन कृषि विभाग | सदस्य |
| ६. वरिष्ठ अधिकृत प्रतिनिधि फलफूल विकास निर्देशनालय | सदस्य |
| ७ लेखा अधिकृत त वि नि | सदस्य |
| ८ कानून अधिकृत कृषि विभाग | सदस्य |
| **९. वरिष्ठ तरकारी विकास अधिकृत (का नि ले तोकेको) , तरकारी विकास निर्देशनालय, खुमलटार** | **सदस्य सचिव** |

समितिमा प्रचलित नियम बमोजिम आमन्त्रित सदस्यहरु समेत राख्न सकिनेछ ।

**ख) कृषि विकास मन्त्रालय, कृषि विभाग, निर्देशनालय, र** सम्बन्धित जि.कृ.वि.का. **बाट नियमित अनुगमन गरिनेछ ।**

## परिच्छेद-४

## विविध

६) प्रचलित कानुन लागु हुने : प्रचलित कानूनमा व्यवस्था भएका विषयहरुमा सोही बमोजिम तथा अन्य व्यवस्थाका सम्बन्धमा यसै कार्यबिधि बमोजिम कार्यान्वयन हुनेछ ।

७) यस कार्यविधिको बुझाईमा व्दिविधा भएमा कृषि विकास मन्त्रालयले गरेको व्याख्या अन्तिम हुनेछ ।

८) अनुसूची हेरफेर गर्न सक्ने : यस कार्यविधिमा संलग्न अनुसूचीहरु -आर्थिक विषय बाहेक) मा कृषि विकास मन्त्रालयको सहमतिमा आवश्यकता र संभावनाका आधारमा परिमार्जन गर्न सकिनेछ ।

९) <u>खारेजी तथा संशोधन :</u> कृषि विकास मन्त्रालयले आवश्यकता अनुसार यस कार्यविधिमा विधिपूर्वक संशोधन तथा खारेजी गर्न सक्नेछ ।

## अनुसूची - १

( परिच्छेद १ को दफा (ख) संग सम्बन्धित )

| | ग्रीन हाउस निर्माण स्पेशिफिकेसन |
|---|---|
| Structure | State of the art Pre- Galvanized Lipped Channel structure will be prefabricated and it consist of columns will be of size 10mm x 50mm x 80mm X 50mm x 10mm of 2.9 mm thickness and side corridor member of size 10mm x 40mm x 60mm X 40mm x10mm of 2 mm thickness, roof purlins of size 10mm x 40mm x 60mm X 40mm x10mm of 2 mm thickness, Trusses of size 40mm x 20mm of 2 mm thickness. Gutter thickness is 2 mm. Door 1mX2m 8mm PVC Sheet(Thickness Tolerance + or - 10%) |
| Grid Size | 8 m x 4 m Balcony/Canopy along all 2 sides, 2 m |
| Area | 1008 Sq.m. |
| Gutter Height | 3.8 m - 4.0 m |
| Ridge Height | 5.5 m - 5.7 m |
| Gutter Slope | 1-2% to be provided in civil structural work |
| Columns | 10mm x 50mm x 80mm X 50mm x 10mm, 2.9mm thick all external columns and 2 mm thick for all internal columns Pre galvanized Lipped Channel. |
| Foundation | 10mm x 55mm x 85mm x 55mm x 10mm, 2mm thick Pre- Galvanized lipped Channel |
| Balcony | 10mm x 40mm x 60mm X 40mm x10mm, 2mm thick Pre- Galvanized lipped Channel |
| Purlins | 10mm x 40mm x 60mm X 40mm x10mm, 2mm thick Pre- Galvanized lipped Channel |
| Trusses | Trusses of size 40 mm x 25 mm of 2 mm thickness Structural members to be fitted in plated nuts, bolts and washers without welding. |
| Bracing | Bracing 33.5 mm OD/2 mm thick G.I. Pipe |
| Covering | U. V. stabilized Polyethylene film 200 micron thickness, IR blocking, Anti drip/ fog, Diffused (Multilayor) for covering. |
| Locking Profile | Alluminium locking profile with zig zag spring for poly film fixing at gutters and sides |
| Thermal Net | UV Stabilized Thermal Net 50% (Aluminet) inside green house with Motorized collapsible arrangement. |
| Exhaust Fan | It consists of 48" exhaust fan with 6 no. of blades with 1.5 hp motor belt drive with Galvanized body with louvers |
| Cooling Pad | It consists of cellulose cooling pad of size height 1.0m and 0.1 m thick size along with Galvanized water collecting gutter, profiles to fix pads, PVC water distribution system, pump complete. |
| Insect Net | Insect Net 40 mesh on cooling pad from outside. |
| Control Panel | It consists of electrical control panel (Indian) which consist of MCB, relay, Contractors, Three way switch, Volt meter, RYB indicator with temperature and humidity sensor to operate fogging system and cooling system |
| Electrical cables | Electrical cables for Fan Motors and cooling pad pump from panel (i.e. 10 m from greenhouse) |
| Fogging System | Four way anti-leak foggers with 28lph discharge which gives very fine droplet size, PVC pipes of 6 Kg/cm2 pressure rating of various sizes, PVC ball valves, Flush valves for flushing of submain, fitting and accessories |
| Heating System | It consists of 2.4 kW with blowers to raise the temperature inside the green house.- 8 nos |

अनुमानित लागत विवरण

| A | COST ESTIMATE OF GREEN HOUSE | |
|---|---|---|
| १ | Structure :- State of the art Pre- Galvanized Lipped Channel structure, will be prefabricated and it consist of columns will be of size 10mm x 50mm x 80mm X 50mm x 10mm of 2.9 mm thickness and side corridor member of size 10mm x 40mm x 60mm X 40mm x10mm of 2 mm thickness, roof purlins of size 10mm x 40mm x 60mm X 40mm x10mm of 2 mm thickness, Trusses of size 40mm x 20mm of 2 mm thickness Gutter thickness is 2 mm. Door 1mX2m 8mm PVC Sheet(Thickness Tolerance + or-10%) | 2,414,067 |
| २ | Covering:- U. V. stabilized Polyethylene film 200 micron thickness, IR blocking, Anti drip/ fog, Diffused (Multilayor) for covering | 333,200 |
| ३ | Locking Profiles:- Alluminium locking profile with zig zag spring for fixing of poly film. | 229,150 |
| ४ | Aluminet (silver net):- UV Stabilized Thermal Net 50 % inside green house with nylon support cables, pulleys, side support with clamps with manual collapsible arrangement. | 488,425 |
| ५ | Insect net 40 mesh on Out side Cooling Pad to prevent the entry of insect from cooling pad | 29,832 |
| ६ | Cooling Pad:- It consists of cellulose cooling pad of height 1.0 m & 0.1m thick size along with Galvanized water collecting gutter, profiles to fix pads, PVC water distribution system and pump-2HP-1 no | 443,640 |
| ७ | Exhaust fan:- It consists of Exhaust fan 18 inch with galvanized body 1.5 Hp motor 1 phase/3 phase, belt drive with louvers Qty. 4 no. | 256,760 |
| ८ | Electrical control panel :- It consist of MCB, Relay, switches, RYB indicator, panel, Volt meter, MS body duly painted etc. (for fan and pad pump out going cable only) | 343,200 |
| ९ | Heating system: It consists of 2.4 kW with blowers to raise the temperature inside the green house.- 8 nos | 677,770 |
| १० | Electric Cable: Electric cable of various size will be provided for Cooling pad Pump, Exhaust Fan and aircirculating fan from pannel | 71,410 |
| | **Sub Total Amount (Rs)** | **5,287,454** |
| **B** | **Cost Estimate of Fogger System** | |
| १ | Fogging System and drip irrigation system:- It Consist of 4 way foggers 28 lph with anti leak device 16 mm 30cm/50cm spacing Drip pipes LLDPE laterals pipe , PVC pipe, Plastic screen filter, control valve, flush valve, pump common, Common Filteration Unit ( All irrigation package) | 387,200 |
| २ | Pump: 2HP Pump, Single Phase- 1 Nos. for Fogging Systems | |
| | **Sub Total Amount (Rs.)** | **387,200** |
| **C** | **Cost Summary** | |
| 1 | Greenhouse | 5,287,454 |
| 2 | *Drip Irrigation and Fogger System* | 387,200 |
| 3 | Civil work ( Cement, Brick sand and Aggregate for entire green house) | 650,000 |
| 4 | Installation of the green house complete, commissioning and testing | 500,000 |

नि. सचिव ... प्रसाद

| | | |
|---|---|---|
| 5 | Water Tank 2000 litre | 24,000 |
| | **Sub Total Amount (Rs.) Complete package** | **6,848,654** |
| | **VAT 13%** | **890,325** |
| | **Grand total for 1008 sq m** | **7,738,979** |

कृषि विकास
सिंहदरबार

नि. सचिव
प्रसाद

अनुसूची – २

( परिच्छेद –२ को दफा ४ (ख) संग सम्बन्धित

ग्रीनहाउस निर्माण सम्बन्धमा प्रस्ताव आव्हानको सूचनाको ढाँचा

सूचना ! सूचना ! सूचना !!!

तरकारी विकास निर्देशनालयको आर्थिक बर्ष ०७३।०७४ को बार्षिक स्वीकृत कार्यक्रम अनुरुप व्यवसायिक तरकारी उत्पादनको लागि ग्रीनहाउस निर्माण गरी कृषि विकासको प्रवर्द्धन गर्ने कार्यक्रम रहेको हुँदा ईच्छुक नेपाली नागरिकबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशन गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० ( तीस) दिनभित्र तरकारी विकास निर्देशनालय वा सम्बन्धित जि.कृ.वि.का. मा तोकिएको ढाँचा (अनुसूची ३) अनुसारको आवेदन एवं प्रस्ताव आव्हान गरिन्छ । प्रस्ताव बुझाउन तथा अन्य थप जानकारीको लागि तरकारी विकास निर्देशनालय, खुमलटार वा सम्बन्धित जि.कृ.वि.का. मा सम्पर्क गर्न सक्नुहुनेछ ।

पुनश्च : आवेदनसाथ तपशिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सूचनाव्दारा सूचित गरिन्छ ।

तपशिल

१. रु.१०। को टिकट टाँसेको अनुसूची २ अनुसारको आवेदन ।

२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।

३. जग्गाधनी पुर्जा वा ठेक्का भए कम्तीमा ५ बर्षसम्म ठेक्का लिएको आधिकारिक करार पत्र ।

४. अनुसूची ४ अनुसारको घटीमा ५ बर्षसम्म प्रस्तावित व्यवसाय संचालन गर्ने प्रतिवध्दता पत्र ।

५. तोकिएको स्पेशिफिकेसन सहितको प्रस्ताव ।

६. संघ संस्था भए सम्बन्धित निकायबाट दर्ता प्रमाण पत्र र नविकरणको प्रमाणित प्रतिलिपि ।

अनुसूची-३

कार्य योजना (प्रस्ताव) को ढाँचा

१. कृषक समूह/ कृषक सहकारी/कम्पनी/ कृषि फार्म को नाम र ठेगाना

२ परियोजनाको क्षेत्रफल

३. ग्रीनहाउस सम्बन्धी तालिम लिएको भए

(क) तालिम लिएको बर्ष

(ख) अवधि

(ग) प्रदान गर्ने संस्था

४. ग्रीनहाउस / थोपा सिंचाई / विवरण

| स्पेशिफिकेशन | संख्या | अनुमानित लागत रु. | |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| जम्मा रु. | | | |

५. संलग्न हुने जनशक्तिको विवरण

| विवरण | संख्या | योग्यता | खर्च हुने रकम रु. |
|---|---|---|---|
| सुरक्षा | | | |
| फार्म व्यवस्थापन | | | |
| प्राविधिक रेखदेख | | | |

६. उत्पादन अनुमान

| विवरण | इकाई | परिमाण | बिक्रीदर रु. | अनुमानित आय रु. |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| जम्मा | | | | |

७. नयाँ सोच केही भए उल्लेख गर्नुहोस्

<u>प्रस्तावकको</u>

नाम, थर:

ठेगाना :

दस्तखत :

**संस्थाको छाप (संस्थाको हकमा) :**

मिति :

नोट : प्रस्तुत संक्षिप्त ढाँचाको आधारमा विस्तृत रुपमा प्रस्ताव तयार गरी पेश गर्नुपर्नेछ ।

## अनुसूची - ४

( परिच्छेद -२ को दफा ४ (घ) संग सम्बन्धित

### प्रस्तावित मूल्यांकन विधि

| क्र. सं. | मूल्यांकन आधार | अधिकतम अंक | प्राप्तांक |
|---|---|---|---|
| १ | **फार्मको आकार क्षेत्रफल** | २० | |
| | २ रोपनी वा बढी | २० | |
| | २ रोपनी भन्दा कम | १० | |
| २ | **निर्माण हुने ग्रीनहाउसको जम्मा क्षेत्रफल** | २० | |
| | १००८ वर्ग मिटर वा बढी | २० | |
| | १००८ वर्ग मिटर भन्दा कम | १० | |
| ३ | **आधुनिक प्रविधिको प्रयोग** | २० | |
| | नियन्त्रित वातावरण | १० | |
| | अत्याधुनीक सिचाई (थोपा सिचाई, मिस्ट सिचाई आदी) | ५ | |
| | अटोमेटीक प्रणाली | ५ | |
| ४ | **व्यवसायिक र आर्थिक उपलब्धी** | २० | |
| | व्यवसायिक र आर्थिक दृष्टीकोणले बढी मुनाफा मुलक र दिगोपना | २० | |
| | व्यवसायिक र आर्थिक दृष्टीकोणले कम मुनाफा मुलक र दिगोपना | १० | |
| ५ | जमिनको स्वामित्व | २० | |
| | फार्मको नाममा रहेको | २० | |
| | भाडामा वा लिजमा लिएको (कम्तीमा ५ बर्ष सम्म) | १५ | |

नि. सचिव
ईश्वर प्रसाद रिजाल

## अनुसूची - ४

( परिच्छेद - २ को दफा ४ (छ) संग सम्बन्धित

## सम्झौता पत्र

१ यो सम्झौता पत्र तरकारी विकास निर्देशनालय (प्रथम पक्ष) र सम्बन्धित कृषक/कृषि सहकारी/कृषी फार्म/कृषक समूह - दोस्रो पक्ष) विच उन्नत प्रविधिमा आधारीत तरकारी उत्पादनका लागि हाइटेक ग्रिनहाउस निर्माण कार्यको लागि प्रयोग हुनेछ ।

२ सम्झौता भएको मितिदेखि यो सम्झौता प्रारम्भ भएको मानिनेछ ।

३ दोस्रो पक्षले सम्झौतामा उल्लेख भए बमोजिमको कार्यहरु सम्झौता भएको मितिले १५ दिन भित्र सुरु गर्नु पर्नेछ ।

४ प्रथम पक्षले दोस्रो पक्षलाई आयोजनाको प्रकृति अनुसार बढिमा ३ किस्तामा सम्झौता बमोजिमको रकम उपलब्ध गराउनु पर्नेछ । अनुदान रकम मध्ये पहिले किस्तामा २० प्रतिशत, दोस्रो किस्तामा ४० प्रतिशत र तेस्रो किस्तामा ४० प्रतिशत रकम उपलब्ध गराउनु पर्नेछ ।

५ पहिलो किस्ताको २० प्रतिशत रकम प्रथम पक्षले दोस्रो पक्षलाई सम्झौता लगत्तै कार्य शुरु गर्नका लागि उपलब्ध गराउनु पर्नेछ ।

६ किस्ता भुक्तानि गर्दा सम्बन्धित प्राविधिक समितीको मूल्याँकन तथा सिफारीसको आधारमा रकम भुक्तानी गरीनेछ । दोस्रो पक्षले कार्य गर्दा प्राविधिक समितीको निर्देशन अनुसार कार्य गर्नु पर्नेछ ।

७ अन्तिम किस्ता भुक्तानी गर्ने सम्बन्धमा प्राविधिक समितीले मूल्याँकन गरी फाइनल विल सहितको सम्पन्न प्रतिवेदन तयार गरी सम्बन्धीत कृषक समूह/सहकारी/फार्मको बैठकबाट निर्णय गराई प्रथम पक्षको सिफारिस सहित अनुरोध गर्नु पर्नेछ र प्रथम पक्षले सम्पूर्ण प्रतिवेदन तथा विलहरु प्राप्त भए पछि भुक्तानीको आवश्यक व्यवस्था मिलाउनेछ ।

८ प्रस्तुत कृयाकलापहरु सोही आ. व. मा सम्पन्न गर्नु पर्नेछ ।

९ दोस्रो पक्षले निर्माण कार्यको सार्वजनिक सुनुवाई गर्नुपर्नेछ तथा आयोजनाको लागत एवँ अनुदान उल्लेख गरी नेपाल सरकारको लोगो सहितको होर्डिङ बोर्ड आयोजना सँचालन स्थलमा राख्नु पर्नेछ ।

१० दोस्रो पक्षले पाउने अनुदान रकम मध्ये ५ प्रतिशत रकम कन्टिन्जेन्सी वापत प्रथम पक्षले राख्ननेछ र सो रकम प्रस्ताव मूल्यांकन, रिर्पोटिङ, कार्यक्रम अनुगमन तथा मूल्याँकनको लागि खर्च गर्नु पर्नेछ ।

| | |
|---|---|
| ................................. | ................................. |
| प्रथम पक्षका तर्फबाट | दोस्रो पक्षका तर्फबाट |
| नाम | नाम |
| पद | पद |
| मिती | मिती |
| सँस्थाको नाम र छाप | सँस्थाको नाम र छाप |

साछी

नामः

पद

हस्ताक्षरः

नि. सचिव

## अनुसूची

## प्रतिवध्दता पत्र

तरकारी विकास निर्देशनालयको मिति............................को सूचना अनुसार व्यवसायिक तरकारी खेती गर्न ईच्छुक भई सो कार्यक्रममा सहभागिताको लागि कार्ययोजना सहितको आवेदन पेश गरेको छु/छौं । उक्त कार्यक्रममा छनोट भई सो कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेगरी कम्तीमा ५ बर्षसम्म निरन्तरता दिनेछु/छौं । कार्ययोजना अनुसारको कार्य नगरेमा वा ५ बर्षभन्दा अगावै सो कार्यहरु बन्द गरेमा नेपाल सरकारबाट प्राप्त अनुदान रकम फिर्ता गर्ने प्रतिवध्दता व्यक्त गर्दछु/छौं अन्यथा ऐन कानून बमोजिम सहंला बुझाउला । साथै प्रस्तावित कार्यहरुका लागि अन्य कुनैपनि निकायबाट आर्थिक सहयोग प्राप्त नगरेको र संचालित कृयाकलापबाट वातावरणलाई असर नपुर्याउने प्रतिवध्दता समेत व्यक्त गर्दछु/छौं । ईति सम्वत् २०७ / / गते रोज शुभम् ।

नाम थर :

वतन :

मिती

संस्थाको नाम र छाप

| दायाँ | वायाँ |
|---|---|
| | |

प्र. सचिव
ईश्वर प्रसाद रिजाल